०८०/०२/२० गते (शनिबार) स्थान : पोखरा महानगरपालिका सभाहल

[संख्]या : १८ औं समय : अपरान्ह ४ : ०० बजे ।

[म]हानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्युको अध्यक्षतामा यस महानगरपालिका नगर कार्यपालिकाको [क]ार्यपालिका बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| | पदाधिकारीहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| अध्यक्ष | श्री धनराज आचार्य | प्रमुख | |
| उपाध्यक्ष | श्री मञ्जुदेवी गुरुङ्ग | उप प्रमुख | |
| सचिव | श्री वीरेन्द्रदेव भारती | प्र.प्र.अ. | |
| सदस्य | श्री शाहारा प्रधान | अध्यक्ष वडा नं.१ | |
| सदस्य | श्री दिवसमान प्रधानाङ्ग | अध्यक्ष वडा नं.२ | |
| सदस्य | श्री प्रकाशमान उदास | अध्यक्ष वडा नं.३ | |
| सदस्य | श्री देव कृष्ण पराजुली | अध्यक्ष वडा नं.४ | |
| सदस्य | श्री विष्णु प्रसाद बराल | अध्यक्ष वडा नं.५ | |
| सदस्य | श्री विष्णु बहादुर भट्टराई | अध्यक्ष वडा नं.६ | |
| सदस्य | श्री राममोहन आचार्य | अध्यक्ष वडा नं.७ | |
| सदस्य | श्री रुद्रनाथ बराल | अध्यक्ष वडा नं.८ | |
| सदस्य | श्री दिपेन्द्र मर्सानी | अध्यक्ष वडा नं.९ | |
| सदस्य | श्री राजेश गुरुङ्ग | अध्यक्ष वडा नं.१० | |
| सदस्य | श्री प्रेम प्रसाद कर्माचार्य | अध्यक्ष वडा नं.११ | प्रेम प्रसाद |
| सदस्य | श्री सन्तोष वास्तोला | अध्यक्ष वडा नं.१२ | |
| सदस्य | श्री किरण बराल | अध्यक्ष वडा नं.१३ | |
| सदस्य | श्री बोध बहादुर कार्की | अध्यक्ष वडा नं.१४ | बोध बहादुर कार्की |
| सदस्य | श्री तोरण बहादुर बानिया | अध्यक्ष वडा नं.१५ | |
| सदस्य | श्री अमृत शर्मा तिमिल्सीना | अध्यक्ष वडा नं.१६ | |
| सदस्य | श्री राधिका कुमारी शाही | अध्यक्ष वडा नं.१७ | |
| सदस्य | श्री शिव प्रसाद तिमिल्सीना | अध्यक्ष वडा नं.१८ | |

| | | | | |
|---|---|---|---|---|
| २२ | सदस्य | श्री पुष्पेन्द्र पाण्डे | अध्यक्ष वडा नं.१९ | [signature] |
| २३ | सदस्य | श्री गंगा बहादुर खत्री | अध्यक्ष वडा नं.२० | [signature] |
| २४ | सदस्य | श्री दिपक प्रसाद सुवेदी | अध्यक्ष वडा नं.२१ | |
| २५ | सदस्य | श्री हिमलाल बराल | अध्यक्ष वडा नं.२२ | [signature] |
| २६ | सदस्य | श्री रामकाजी गुरुङ्ग | अध्यक्ष वडा नं.२३ | [signature] |
| २७ | सदस्य | श्री भरत बहादुर अधिकारी | अध्यक्ष वडा नं.२४ | |
| २८ | सदस्य | श्री मोतिराज तिमिल्सीना | अध्यक्ष वडा नं.२५ | [signature] |
| २९ | सदस्य | श्री नरेन्द्र थापा | अध्यक्ष वडा नं.२६ | |
| ३० | सदस्य | श्री पूर्ण कुमार गुरुङ्ग | अध्यक्ष वडा नं.२७ | [signature] |
| ३१ | सदस्य | श्री श्रीकृष्ण लामिछाने | अध्यक्ष वडा नं.२८ | [signature] |
| ३२ | सदस्य | श्री श्रीप्रसाद गुरुङ्ग | अध्यक्ष वडा नं.२९ | |
| ३३ | सदस्य | श्री दुर्गा प्रसाद सुवेदी | अध्यक्ष वडा नं.३० | [signature] |
| ३४ | सदस्य | श्री ढकनाथ कडेल | अध्यक्ष वडा नं.३१ | [signature] |
| ३५ | सदस्य | श्री अक्कल बहादुर कार्की | अध्यक्ष वडा नं.३२ | [signature] |
| ३६ | सदस्य | श्री रामचन्द्र अधिकारी | अध्यक्ष वडा नं.३३ | [signature] |
| ३७ | सदस्य | श्री दिपक घिमिरे | कार्यपालिका सदस्य | [signature] |
| ३८ | सदस्य | श्री हरिमाया बिश्वकर्मा | कार्यपालिका सदस्य | [signature] |
| ३९ | सदस्य | श्री गोविन्द तुलाचन | कार्यपालिका सदस्य | [signature] |
| ४० | सदस्य | श्री मन्दिरा परियार | कार्यपालिका सदस्य | [signature] |
| ४१ | सदस्य | श्री धन कुमारी पोखेल | कार्यपालिका सदस्य | [signature] |
| ४२ | सदस्य | श्री निर्मल दियाली | कार्यपालिका सदस्य | [signature] |
| ४३ | सदस्य | श्री निर्मला पौडेल | कार्यपालिका सदस्य | [signature] |
| ४४ | सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | कार्यपालिका सदस्य | [signature] |
| ४५ | | श्री किरण प्रसाद कोइराला | वरिष्ठ प्रशासकीय अधिकृत आठौंतह | |
| ४६ | | | | |
| ४७ | | | | |

## कार्यपालिकाको अठारौं बैठकका निर्णयहरु ( मिति २०८०/०२/२०)

**निर्णय नं. १-** पोखरा महानगरपालिकाको भवन नियमित तथा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०७६ मा व्यवस्था भए बमोजिम महानगरपालिका भित्र नक्शा स्वीकृत नगराई निर्माण भएका भवनहरुको अभिलेखिकरणको लागि सूचना प्रकाशन भई प्राप्त निवेदनहरु माथी कारवाही अगाडी बढाउन उक्त कार्यविधिमा संशोधन गर्ने । संशोधन अनुसूची- १ मा संलग्न छ ।

**निर्णय नं. २ -** चालु आ.व.मा विनियोजन भएका देहाय बमोजिमका योजनाहरु ठेक्का प्रक्रिया अगाडी बढाउदा चालु आ.व. भित्र सम्पन्न हुन नसक्ने भएकाले आगामी आ.व.मा रकम सुनिश्चित गर्ने गरी बहुवर्षिय खरिद प्रक्रिया अगाडी बढाउने ।

| सि नं. | योजनाको नाम | लगत अनुमान | चालु आ. व. मा विनियोजित बजेट |
|---|---|---|---|
| १ | लामेआहाल पृथ्वी राजमार्ग पिपलबोट चौतारी देखि फोहोर मैला व्यवस्थापन क्षेत्र सम्मको पहुँच मार्ग, वडा नं. ३२ | | ६५००००००/- |
| २ | लामेआहाल खहरे खोला पिच निर्माण, वडा नं. ३२ | | ३०,०००००/- |
| ३ | मितेरी मार्ग कालोपत्रे मर्मत, वडा नं. ३२ | | २०,०००००/- |
| ४ | प्रस्तावित ल्याण्डफिल जाने बाटो वडा नं. ३३ | | |
| ५ | शहरी स्वास्थ्य प्रबर्धन केन्द वडा नं. ८ मा कम्पाउण्ड वाल निर्माण | ५५,४८,३४६।६७ | ६३००००००/ |
| ६ | पोखरा मल्टिप्रपोज भवन निर्माण (दमकल) वडा नं. ८ | ८४५४६०२१/५१ | ५०००००००/- |
| ७ | लामगादी पुडिटार सडक कालोपत्रे, वडा नं. ३३ | २९,३९,५५५८५/१० | २९३९५५५८५।१० |
| ८ | ट्राफिक लाईट व्यवस्थापन निर्माण | २११८६८६९/३२ | ३०००००००/ |
| ९ | अंकुना चिलिम डाँडा सिमलचौर गुन्टेचौर फुम्रेखोला देउराली सुइखेत कनेक्टिङ्ग रोड, वडा नं. २४ | ५५,०००००/ | ५५०००००/ |
| १० | थाक खानेपानी आयोजना, २८ | | २००००००००/ |
| ११ | भालुखोला ओख्ले लिफ्टिङ्ग खानेपानी, पाखेरा २८ | | ४०,०००००/ |
| १२ | वडा कार्यालयको हाता भित्र स्मार्ट शौचालय , वडा नं १५ | २४,०००००/- | २४०००००/ |
| १३ | बहुउद्देश्यीय भवन, वडा नं. ४ | | १,५०,०००००/- |
| १४ | सरांगकोट तोरीपानीमा प्याराग्लाईडिङ प्रविधि र पूर्वाधार विकास, वडा न १८ , मा विनियोजीत रु. १ करोड मध्येबाट | कास्कीकोट तोरीपानीमा प्याराग्लाईडिङ प्रविधि खरिद तथा विकास | ५०,००,०००/- |
| | | कास्कीकोट तोरीपानी प्याराग्लाईडिङ क्षेत्र जाने बाटो स्तरोन्नती र ढलान, वडा नं. २४ | ५०,००,०००/- |

**निर्णय नं. ३-** विगत देखि नै ल्याण्डफिलमा कवाडी संकलनको ठेक्का लिई कार्य गर्दै आई रहेको ठेकेदार कम्पनी विश्वास कन्स्ट्रक्सन लाई ठेक्का अवधि थप भएकोमा अस्थायी रुपमा फोहोर व्यवस्थापन हुदै आएको वडा नं. ३२ को लामेआहालमा स्थानीयबाट कवाडी संकलन कार्यमा अवरोध भई कार्य गर्न रोक्का भएकोले र सो कम्पनीले ठेक्का वापत अग्रिम भुक्तानी गरेको रकम रु.४,१२,५००/- ठेक्का घटाघट बाट बचत भएको रकम बाट रकमान्तर गरी भुक्तानी दिने ।

**निर्णय नं. ४-** गण्डकी बहुप्राविधिक शिक्षालयको निर्णय अनुसार चालु शैक्षिक सत्र देखि डिप्लोमा ईन फार्मेसी र सामान्य चिकित्सा (एच.ए.) को स्वीकृति प्राप्त भएकाले सो कार्यक्रम संचालन गर्न गण्डकी बहुप्राविधिक शिक्षालय संचालक समितिको मिति २०८० जेठ ६ गतेको बैठकको निर्णय सिफारिस अनुसार देहाय बमोजिमको दरबन्दी स्वीकृत गर्ने ।

हाल भैरहेको स्थानबाट फरक स्थानमा विषय संचालनको लागी

| क्रस | पद | योग्यता | तह | संख्या |
|---|---|---|---|---|
| १ | व.प्रशिक्षक | MBBS | अ.आठौ | १ जना |
| २ | व.प्रशिक्षक | MPh वा BPh गरी पाच बर्ष अनुभव भएको | अ.सातौ | १ जना |
| ३ | व.प्रशिक्षक | Masters in Pharmacy | अ.आठौ | १ जना |
| ४ | व.प्रशिक्षक | Masters in Physics | अ.आठौ | १ जना |
| ५ | व.प्रशिक्षक | Masters in Chemistry | अ.आठौ | १ जना |
| ६ | व.प्रशिक्षक | Masters in Biology | अ.आठौ | १ जना |
| ७ | व.प्रशिक्षक | Masters in Mathematics | अ.आठौ | १ जना |
| ८ | प्रशिक्षक | Bachelor in Pharmacy | अ.छैटौ | २ जना |
| ९ | प्रशिक्षक | Bachelor in Public Health | अ.छैटौ | १ जना |
| १० | ल्याव सहायक | प्रविणता प्रमाणपत्र तह (बिज्ञान ,सामान्य चिकित्सा ,फार्मेसी ) | सहायक स्तर चौथो | ३ जना |
| ११ | पुस्तकालय सहायक | प्रविणता प्रमाणपत्र तह | सहायक स्तर चौथो | १ जना |
| १२ | आ.प्रशिक्षक | स्नातकोत्तर (नेपाली ,अंग्रेजी , ,गणित तथा तथ्यांकशास्त्र,सामाजिक ) | | |
| १३ | प्रशासन सहायक | प्रविणता प्रमाणपत्र तह | सहायक स्तर चौथो | १ जना |
| १४ | लेखापाल | प्रविणता प्रमाणपत्र तह | सहायक स्तर चौथो | १ जना |
| | | | पुर्ण कालिन | १६ जना |

**निर्णय नं. ५**.- राजस्व परामर्श समितिको मिति २०८० जेठ ५ गतेको बैठकको निर्णय सिफारिस अनुसार देहाय बमोजिम गर्ने ।

क) वडा न.. १८ स्थित राष्ट्रिय विभुती पार्कमा रहेको एउटा सटर समेतको न्युनतम मूल्य रु. ११,०००००/- कायम गरी २ वर्ष अवधिका लागि आय ठेक्का व्यवस्थापन गर्ने ।

ख) वडा न. १८ सराङ्कोट भ्यूटावरमा पर्यटन प्रवेश शुल्क संकलन गर्न ३ पटक सम्मको सूचना प्रकाशन गर्दा ठेक्का नपरेकाले ठेक्काको न्युनतम रकम रु. ३४,८७,०००/ मा ३३ प्रतिशत घटाई हुन आउने कर बाहेकको रु. २३,३६,२९०/- कायम गरी १ वर्षको लागि ठेक्का प्रक्रिया अगाडी बढाउने ।

ग) वडा नं. ६ हल्लन चोक स्थित फेवाताल दृश्यअवलोकनको आय ठेक्काको म्याद समाप्त हुन लागेकोले उक्त स्थानमा पर्यटनको चापलाई दृष्टिकोण गरी कर वाहेक रु २०,०००००/ एक वर्षको लागि ठेक्का प्रक्रिया अगाडी बढाउने ।

घ) पोखरा नगरपालिका क्षेत्र भित्र डिजिटल सोलार जडित यात्रु बस प्रतिक्षालय निर्माण तथा संचालनको ठेक्का लिएको कम्पनी संगको ठेक्का अवधि समाप्त भई सकेकाले असुल हुन बाँकी रकम असुलीको कारवाही गरी प्रति बस प्रतिक्षालय कर वाहेक न्युनतम वार्षिक रु. १,००,०००/ कायम गरी आय ठेक्का प्रक्रिया अगाडी बढाउने ।

ङ) वडा न.. २३ धारापानीमा स्थित मौजाद रहेको ग्राभेल सामाग्री निकासी गर्न गण्डकी फाउण्डेसनको निवेदन अनुसार प्राविधिक खटाई नापजाँच गरी नियमानुसारको राजश्व लिई १ महिना भित्र सामाग्री उठाउन अनुमति दिने ।

च) महानगर क्षेत्र भित्र रहेका सार्वजनिक तथा निजि घरका छत र सार्वजनिक तथा निजि जमीनमा रहेका होडिङ्ग वोर्डहरु १५ दिन भित्र हटाउन सूचना प्रकाशन गर्ने नहटाएमा महानगरपालिकाले आफैले हटाउने व्यवस्था मिलाउने ।

छ) पोखरा महानगरपालिका क्षेत्र भित्र व्यवसाय प्रवर्धनको लागि गरिने विज्ञापनलाई करको दायरामा ल्याउन लागत अनुमान समेतको लागि देहाय बमोजिम कार्यदल गठन गर्ने ।

**देहाय**

१. श्री अमृत शर्मा तिमिल्सीना - संयोजक, राजश्व परामर्श समिति सदस्य, अध्यक्ष वडा नं. १६)

२. श्री गोकर्ण कार्की - सदस्य (पोखरा उद्योग वाणिज्य संघ)

३. श्री भानु भण्डारी- सदस्य (घरेलु तथा साना उद्योग महा संघ)

४. श्री यामनाथ पौडेल - सदस्य, पोखरा च्याम्बर अफ कमर्स

५. अधिकृत छैठौं श्री झंकनाथ पौडेल - सदस्य, राजस्व शाखा

६. सहायक पाँचौ श्री सूर्य पौडेल- सदस्य सचिव राजस्व शाखा

ज) राजश्व परामर्श समितिका उल्लेखित मितिका अन्य निर्णय सिफारिस अनुमोदन गरी कार्यान्वयन प्रक्रिया अगाडी बढाउने ।

**निर्णय नं. ६**.- विगतमा सम्झौता प्रक्रियाको चरण पुगेको वडा नं. २७ को मारेखहरे घाट सार्वजनिक निजी साझेदारीमा संचालन गर्ने सम्बन्धमा विगतमा भएको प्रक्रियालाई अगाडी बढाई अनुसूची-२ मा संलग्न सम्झौताका शर्तहरु नछुट्ने गरी सम्झौता प्रक्रिया अघि बढाउने ।

**निर्णय नं. ७. -महानगरपालिका क्षेत्र भित्र संचालित** देहायका सहकारीहरुले रकम हिनामिना गरि वचतकर्ताहरुको रकम फिर्ता नगरेको भन्ने उजुरी प्राप्त भएकोले सर्व साधारणको बचत सम्पत्तीको संरक्षण गर्न संचालक पूर्व संचालक तथा व्यवस्थापकहरु तथा निजका एकाघर परिवारका समेतको सम्पत्ती रोक्का राख्न आवश्यक कारवाही अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने ।

| सि नं. | सहकारीको नाम | कैफियत |
|---|---|---|
| १ | जनकल्याण दुग्ध उत्पादक सहकारी संस्था लि. पोखरा २९ | |
| २ | सूर्यदर्शन बचत तथा ऋृण रहकारी संस्था लि. पोखरा ४ | |
| ३ | इमेज बचत तथा ऋण सहकारी संस्था लि. पोखरा ८ | |
| ४ | सामीप्यता बचत तथा ऋण सहकारी संस्था लि. | |

**निर्णय नं. ८**- नेपाल बंगलादेश फेण्डसीपको निमन्त्रणमा बंगलादेशमा भएको सांस्कृतिक आदान प्रदान कार्यक्रममा पोखरा प्रज्ञा प्रतिष्ठानका पदाधिकारी र साँस्कृतिक टोली गरी १४ जनाको टोली सहभागी हुन जाँदा भएको नियमानुसारको खर्च रकम रु. ६,७७,२४९/- समर्थन गर्ने ।

**निर्णय नं.९.**- मसिना पर्यटन सहकारी संस्था लि.वडा नं. ३२ ले यस महानगरपालिकाबाट अनुमती लिएको साना जल विधुत आयोजनाको अनुमति पत्रको अवधि मिति २०८० बैशाख समान्त सम्म मात्र भएको र नविकरणको लागि मिति २०८०/०१/२६ गते निबेदन पेश गरेकोमा उर्जा विकास निर्देशिका, २०७५ बमोजिमको दस्तुर लिई एक वर्षको लागि नविकरण गर्ने ।

**निर्णय नं.१०-**. वडा नं. १९ को ढाव घाटबाट नदीजन्य सामाग्री संकलन तथा निकासीको लागि सम्झौता भई संचालनमा रहेकोमा स्थानीयबाट सम्मानित उच्च अदालत पोखरामा मुद्दा दायर गरी सम्मानित अदालतको आदेश

बमोजिम ठेक्का रद्द भएकाले रकम फिर्ता गरि पाउँ भनि ठेकेदार कम्पनीबाट निबेदन परेको हुँदा निजले जम्मा गरेको ठेक्का रकम रु.२९५०,०००/ को आधा रकम रु. १४७५०००/- जम्मा गरी २०८० ज्येष्ठ मसान्त सम्म म्याद दिई मिति २०७९/१०/२५ ठेक्का सम्झौता भएकोमा २०७९/१२/१४ गते सम्म जम्मा दिन ४८ मात्र ठेक्का संचालन भएकाले प्राविधिकको सिफारिस अनुसार सो अवधिमा निकासी भएको परिमाणबाट ठेकेदार कम्पनीले रु. ७१५६८०/- प्राप्त गरेकोले निजबाट जम्मा भएको रकमबाट घटाई बाँकी रकम रु. ७,५९,३२०/- योजना ठेक्कामा जाँदा टेण्डरमा घट भएको रकम मध्येबाट रकमान्तर गरी फिर्ता भुक्तानी दिने ।

निर्णय नं.११.- यस महानगरपालिका र नेपाल विधुत प्राधिकरणका बिच भएको सम्झौता अनुसार पोखरा महानगरपालिका क्षेत्र भित्र हाईमास्ट लगायतको सडक बत्ती जडान गर्न विधुत प्राधिकरणबाट भएको ठेक्कामा काम गर्ने क्रममा भेरिएसन भएकाले भेरियसन (आदेश) बमोजिम महानगरपालिकाको भागमा पर्ने थप भुक्तानी गर्नुपर्ने रकम रु. ९४,०१,७६९/५० कर्मचारी स्वर्णिम अवकाश योजना शीर्षकबाट रकमान्तर गरी भुक्तानी गर्ने ।

निर्णय नं.१२. - वडा नं. ३० को विकल्प मार्ग शीर्षकमा वडाको बजेट रु. ४,००००० /- मा नगर सभाबाट रु. ३९०,०००/- थप भई जम्मा रु. ७,९०,०००/- कायम भएकोमा रकमान्तर भएको शीर्षकमा रकम नपुग भएकाले सो कार्यक्रमको लागि रु. ३९०,०००/- चालु आ.व.को कण्टिजेन्सी रकमबाट भुक्तानी दिने ।

निर्णय नं.१३. - देहायका योजना तथा कार्यक्रम तत्काल कार्यान्वयन आवश्यक भएकाले ठेक्का बन्दोबस्त गर्दा घट भएको रकमबाट रकमान्तर गरी रकम सुनिश्चित गर्ने ।

| सि. नं. | योजनाको नाम | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|
| १ | डँडाली थर देखि चापाघाट कृषि सडक निर्माण, वडा नं. २५ | १५,००,०००/- | |
| २ | विधुत पोल स्थानान्तरण | ४०,०००००/- | |
| ३ | चण्डीका आधारभूत विद्यालय कम्पाउण्ड वाल पोखरा-१६ | ३,००,०००/- | बिपदको निर्णय कार्यान्वयन नगर्ने |
| ४ | बस पार्क पार्किङ्ग स्थानमा शौचालय निर्माण, पोखरा - १ | ४,५०,०००/- | |
| ५ | हनुमान मन्दिर निर्माण , वडा नं. १० | ९,०००००/- | |
| ६ | फिस्टेल मार्ग ग्राभेल, वडा नं. १७ | ६,०००००/- | |

निर्णय नं १४.- चालु आ.व. मा वडा नं. ३१ को बाह्रक्षेत्र बेगनासकोट पर्यटन पदमार्ग क्रमागत भन्ने शीर्षकमा गत आ.व. को भुक्तानी दिन बाँकी रकम विनियोजन भएकोमा वडा कार्यालयबाट सो रकमको योजना कार्यान्वयन गर्न उपभोक्ता समिति गठन गरी काम सम्पन्न गरी भुक्तानीको लागि सिफारिस गरेको तर सो रकम गत वर्ष काम गरेको समितिले भुक्तानी लगि सकेकोले उक्त शीर्षकमा रकम नभएको हुँदा ३१ नं वडा कार्यालयको च. नं. ३११९ मिति २०८०/०२/०३ को सिफारिस अनुसार आगामी दिनमा महानगर स्तरका योजनाहरु वडाबाट सम्झौता गर्दा सुत्रमा रकम भए नभएको यकिन गरि मात्र सम्झौता गर्ने व्यवस्था गर्ने र यस पटकलाई बाह्रक्षेत्र बेगनासकोट पर्यटन पदमार्ग निर्माण उपभोक्ता समितिलाई ठेक्का बन्दोबस्त गर्दा घटेको रकमबाट रु. ९,९९,०००/- रकमान्तर गरी भुक्तानी दिने व्यवस्था गर्ने ।

निर्णय नं १५-. यस महानगरपालिकाका योजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्दा जनसहभागिता बापत व्यहोर्नु पर्ने रकम उठ्न नसक्ने नीजि जग्गा नभएको स्थानको सार्वजनिक बाटो, मरेघाट जाने बाटो, पहिरो संरक्षण, क्रियापुत्री भवन, चौपारी, तटबन्धन, खोला नियन्त्रण, पार्क निर्माण, कल्भर्ट जस्ता योजनामा जनसहभागिता छुट गरी उपभोक्ता समिति मार्फत गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं** १६. - देहायका योजनाहरु संचालन गर्न केहिमा स्थानीय स्तरमा विवाद भएको तथा केहिमा उपभोक्ताहरु उदासिन भएकाले वडा कार्यालयको सिफारिस बमोजिम देहायका योजनाहरु संशोधन गरी देहाय बमोजिम कायम गर्ने ।

| सि नं. | साविक शीर्षकको नाम | रकम रु. | संशोधन भई कायम हुने नाम | रकम रु. |
|---|---|---|---|---|
| १ | नारायण थानको पुल देखि मणिपाल जाने बाटो स्विङ्ग रेष्टुरेण्ट बाट W जानेबाटो स्तरोन्नती वडा नं. ११ | २०,०००००/- | खत्रीको मुल देखि जनजागृति टोल जाने बाटो स्तरोन्नती, ११ | २०,०००००/ |
| | | | धुवपुर कालिका सडक खण्ड, वडा नं. २८ | २०,०००००/ |
| २ | वडा भवन मर्मत तथा ट्रष्ट निर्माण, वडा न, २८ | २०,०००००/- | | |
| ३ | माझठाना सामुदायीक भवन, वडा नं. २८ | ५,५००००/- | बाघबाट अच्मरा हुँदै धारापानी बाटो स्तरोन्नती, वडा नं. २८ | ५,५०,०००/- |
| ४ | महिला मिलन समुह भवन निर्माण , वडा नं. ३ | ४,०००००/- | कन्या क्याम्पसको सभाहलमा कार्पेट, म्याट तथा फर्निचर खरिद, वडा नं ३ | ४,०००००/- |
| ५ | गंगा तामांगको घर देखि भक्तरार्यको घरसम्म ढलान बाटो निर्माण वडा नं. २७ | १८९८००० | भित्री डाँडाको नाकचन्द्र कालिका बाटो, वडा नं. २७ | १८९८०००/ |
| ६ | लक्ष्मी आदर्श चोक ज्यामिरकुना बाटो ढलान, वडा नं. २७ | २००००००/- | रिठेपानी प्रगति चोक देखि रामगुरुङ्गको घर सम्म बाटो निर्माण योजना, वडा नं. २७ | ५४५१९५/- |
| ७ | वडा भित्रका सडक तथा खानेपानी मर्मत, वडा नं. १६ | | वडा भित्रका सडक भवन बत्ती खानेपानी तथा अन्य पूर्वाधार मर्मत, वडा नं. १६ | |
| ८ | बैदाम प्रबेश मार्गमा कलात्मक स्वागत द्वार निर्माण, वडा नं ६ | ३५,०००००/- | फेवाताल किनारमा पक्की पर्खाल निर्माण, वडा नं ६ | ३५०००००/- |
| ९ | महानगर स्तरीय भलिवल खेलको लागि अनुदान, वडा नं. ३२ | ५०,०००/- | खेलकुद कार्यक्रम खर्च, वडा नं. ३२ | ५०,००००/- |
| १० | सुन्दर फिड ढल व्यवस्थापन, वडा नं. १६ | १५,०००००/ | संगम चोक सौन्दर्यकरण, वडा नं. १६ | १५,०००००/ |
| ११ | सरांगकोट तोरीपानीमा प्याराग्लाईडिङ प्रविधि र पूर्वाधार विकास, वडा न १८ | १,००००००० / | कास्कीकोट तोरीपानीमा प्याराग्लाईडिङ प्रविधि खरिद तथा विकास | ५०,०००००/ |
| | | | कास्कीकोट तोरीपानी प्याराग्लाईडिङ क्षेत्र जाने बाटो स्तरोन्नती र ढलान, वडा नं. २४ | ५०,०००००/ |
| १२ | गुन्टेचौर खानेपानी टंकी निर्माण, वडा नं. २४ | १५,०००००/ | गुन्टेचौर खानेपानी जि. आइ. पाईप खरिद, वडा नं. २४ | १५,०००००/ |
| १३ | बुद्वटोल रिपिच (समसा उधोग अगाडी गल्ली), वडा नं. १ | ८,०००००/ | अधिकारी टोल बाटो निर्माण, वडा नं. १ | ८,०००००/ |
| १४ | घारीकुना नेटा पीपलडाली थानापती मार्ग बाटो ढलान, वडा नं. २० | २१५५०००/ | भकभके मसिन टारी रैकर सडक स्तरोन्नती, वडा नं.२० | २१५५०००/ |
| १५ | कृषि उपज संकलन तथा बिकि केन्द्र स्थापना, वडा नं. १५ | २,०००००/ | वडा कार्यालय परिसर सौन्दर्यकरण, वडा नं.१५ | २,०००००/ |
| १६ | वडाका मुख्य बाटो मर्मत तथा सुधार, वडा नं. १५ | १३०००००/ | वडाका मुख्य तथा भित्री बाटो नाला निर्माण, वडा नं. १५ | १३०००००/ |
| १७ | सन्सरी मार्ग बगैचा जोड्ने मार्ग, वडा नं. ३० | २,००,०००/- | रामबजार मार्ग निर्माण, वडा नं. ३० | ३,०००००/ |
| १८ | नगबेली मार्ग खुदी बाटो ढलान, वडा नं. ३० | १,००,०००/ | | |
| १९ | पुष्पलाल पार्कमा खुला व्यायामाशाला, वडा नं ७ | ८,००,०००/ | मिलन पार्क भित्र खुला व्यायामशाला, वडा नं. ७ | ८,०००००/ |
| २० | कोलगैरी सामुदायीक भवन निर्माण, ३१ | ७,००,०००/ | सिमलडाँडा बहुद्देश्यीय भवन निर्माण, ३१ | ७,०००००/ |
| २१ | कोखे गौंडा बाटो निर्माण योजना, वडा नं. २९ | २०,०००००/- | बिन्दबासीनी टोलमा बाटो निर्माण, वडा नं २९ | २०,०००००/- |
| २२ | चालिसे मार्ग बाटो मर्मत र ढल, वडा नं. ८ | ५,०००००/- | कृष्ण प्रणामी मन्दिर ट्रस, वडा नं. ८ | ५,०००००/- |
| २३ | प्रेम मार्ग ढल निर्माण नगरपालिका पछाडी, वडा नं. ८ | २०,०००००/ | गणेशमान मार्ग स्ट्रिट नं. १२ बाटो ढलान, वडा नं. ८ | २०,०००००/ |

| | | | | |
|---|---|---|---|---|
| २४ | दमकल मार्ग ढलान बाटो मर्मत, वडा नं. ८ | ५,०००००/- | गणेशमान मार्ग अन्तर्गत भित्री बाटो ढलान, वडा नं. ८ | ५,०००००/- |
| २५ | ऐतिकासिक ठुली पोखरी जलेश्वर शिव मन्दिर गुरुआश्रम तथा कार्यस्थल निर्माण, वडा नं १९ | २७,०००००/- | वडा भित्रका बाटो ढलान एवं स्तरोन्नती, वडा नं. १९ | २७,०००००/ |
| २६ | मोहरिया सुके डाँडा मोटरबाटो, वडा नं. ३१ | २,००,०००/- | ड्यामसाइड शिवालय चोक सडक ग्राबेल, ३१ | २,००,०००/- |
| २७ | ट्याक्सी चोक देखि एयरपोर्ट जाने बाटो रिसोलिंग र नाला डाइभर्सन , ७ | ५,५०,०००/ | कृष्ण अधिकारीको घर देखि ग)गाराम पौडेलको घर सम्म नाला निर्माण, ७ | ५,५०,०००/ |
| | | | उज्यालो समाज घारीपाटन फर्निचर, ७ | ५०,०००/ |
| २८ | ईन्द्र पौडेलको घर देखि माछापुच्छ्रे टोल सम्म पानी निकास, ७ | १,१०,०००/ | युवाक्लवको लागि खेलकुद सामाग्री वितरण, ७ | ६०,०००/ |
| २९ | झपेन्द्र कार्की पार्क, ७ | २,००,०००/ | श्रीकृष्ण प्रणामी मन्दिर भित्र पार्टेसन, वडा नं. ७ र ८ को सीमाना | २,००,०००/ |

**निर्णय नं. १७.-** विभिन्न वडाबाट ५०-५० मा जनसहभागितामा निर्माण गर्न माग भै आएका देहायका योजनाहरुको लागि देहाय बमोजिमको रकम ठेक्का बन्दोबस्त गर्दा घट भएको रकमबाट रकमान्तर गरी व्यवस्थापन गर्ने ।

| क्र. सं | योजनाको नाम | लगत अनुमान | स्वीकृत रकम |
|---|---|---|---|
| १ | ढिकी डाँडा पर्यटन प्रवर्धन पूर्वाधार कार्यक्रम, वडा नं. १६ | ६,०००००/- | ३,००,०००/- |
| २ | शान्ती मा.वि. जानेबाटो, वडा नं. १६ | १२,००,०००/- | ६,००,०००/- |
| ४ | धोविनी मार्गबाट प्रगति स्कुल जाने बाटो, वडा नं. १६ | ६,०८०००/- | ३,०४,०००/- |
| ५ | रिठेपानी प्रगतिचोक देखि रामगुरुंगको घरसम्म बाटो निर्माण योजना, वडा नं. २७ | ५,४०,०००/- | २,७०,०००/- |
| ६ | हिमाली मार्ग सडक निर्माण , वडा नं. १७ | ८,२५,०००/- | ४,१२,५००/- |
| ७ | शितलपथ लेन नं. ६ बाटो निर्माण, वडा नं. १७ | ७,३८,०००/- | ३,६९,०००/- |
| ८ | होली ल्याण्ड मोन्टेश्वरी मैत्रीपथ नाला सहित बाटो निर्माण, वडा नं. १७ | ४,७१,०००/- | २,३५५००/- |

**निर्णय नं १८.-** वडा नं. २४ मा प्रस्तावित नेपाल बृन्दावन धाम निर्माण गर्न सम्बन्धमा तयार गरिएको प्रारम्भिक वातावरणिय परीक्षण प्रतिबेदन IEE माथि प्राविधिक समितिमा छलफल भै समितिको मिति २०८०।०१।१३ को निर्णय स्वीकृतको लागि सिफारिस भएकाले पेश भएको IEE प्रतिबेदन स्वीकृत गर्ने ।

**निर्णय नं १९.-** वडा नं. ३३ को कालिका सामुदायीक डिप बोरिङ्गको पानी तान्ने मोटर बिग्रीएकाले सो खरिद गर्न सो समुहमा रकम नभएकाले वडाको सिफारिस बमोजिम लागत अनुमान अनुसारको रु. २,०००००।- ठेक्का बन्दोबस्त गर्दा घटेको रकमबाट रकमान्तर गरी भुक्तानी गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं २०.** - वडा नं. ३२ मा अस्थाई रुपमा फोहोर व्यवस्थापन भइरहेको लामेआहाल क्षेत्रमा स्थानीयहरुको फोहोर व्यवस्थापन समिति गठन गरी काम भई रहेकोमा फोहोर व्यवस्थापनको लागि उपयोग भएको डोजर, लोडर टिपरको मिति २०७९/११/१ देखि २०८०/०१/१५ सम्मको प्राविधिक मूल्याङ्कन अनुसारको ६२५० लिटर डिजेलको रकम सम्बन्धित खर्च शीर्षकबाट भुक्तानी गर्ने ।

**निर्णय नं २१.-** स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न भई पदभार ग्रहण गर्दा प्रमुखबाट पोखरालाई अन्तर्राष्ट्रिय रुपमा चिनाउने आफ्नै मौलिक Monument निर्माण गर्ने पहिलो निर्णय अनुसार निश्चित पुरस्कार तोकी आसयपत्र आव्हान भएकोमा पेश भएको प्रस्ताव मध्ये छनौट समितिको निर्णय अनुसार प्रथम, द्वितीय र तृतीयलाई क्रमशः रु. २ लाख, १ लाख र ५० हजार पुरस्कार चालु आ.व.मा विनियोजन भएको रकमबाट भुक्तानी दिने ।

**निर्णय नं २२.-** चालु आ.व.मा विनियोजन भएको नेपाल लिट्रेचर फेस्टिवल कार्यक्रम बुक ओर्म फाउण्डेसन काठमाण्डौं मार्फत सम्पन्न गरेकोले खर्च भएको रकम उक्त फाउण्डेसनलाई भुक्तानी दिने ।

**निर्णय नं. २३ -** वडा नं. १८ मा आ.व. ०७८/०७९ मा उपभोक्ता समिति मार्फतबाट सम्पन्न भएको खड्का थर रुम्टा कुलायन मन्दिर जानेबाटोको भुक्तानी दिन बाँकी रकम रु. ११,५६०००/- आगामी आ.व. २०८०/०८१ को बजेटमा समावेश गर्ने ।

**निर्णय नं. २४-** सम्बत २०६४ अघिका अस्थायी कर्मचारीहरुलाई स्थायी गर्ने सम्बन्धी सम्मानित उच्च अदालत गण्डकी र सम्मानित सर्वोच्च अदालतको निर्देशनात्मक आदेश कार्यान्वयनको लागि स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ बमोजिम पदपूर्ति समिति गठन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, लोक सेवा आयोग कार्यालय पोखरा र गण्डकी प्रदेश लोक सेवा आयोगमा प्रतिनिधि माग गरेकोमा उल्लेखित निकायबाट प्रचलित कानून बमोजिम प्रतिनिधि पठाउन नमिल्ने जानकारी प्राप्त भएकोले सम्मानित सर्वोच्च अदालतको निर्देशनात्मक आदेश बमोजिम कर्मचारी स्थायी प्रक्रिया अगाडी बढाउन पोखरा महानगरपालिका कर्मचारी ऐन, २०७६ मा आवश्यक संशोधन गर्ने प्रक्रिया अघी बढाउने ।

**निर्णय नं. २५.** - पोखरा महानगरपालिका सल्लाहकार परिषद् गठन तथा संचालन कार्यविधि, २०८० छलफल भई स्वीकृत गर्ने निर्णय गरियो । कार्यविधि अनुसूचि - ३ मा संलग्न छ ।

**निर्णय नं. २६.-** वडा नं. १ मा गत आ.व. २०७८/०७९ मा उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न भएको वडा नं. १ प्रवेश गेट निर्माणको भुक्तानी दिन बाँकी रकम रु. ३,८६,०००/– चालु आ.व.मा ठेक्काबाट घटेको रकम मध्येबाट रकमान्तर गरी भुक्तानी दिने व्यवस्था मिलाउने ।

**निर्णय नं. २७.-** पोखरा महानगरपालिकामा दैनिक ज्यालादारीमा डोजर चालकमा कार्यरत मुसाफिरदास तत्मा फोहोर व्यवस्थापनको क्रममा वडा नं. ३२ मा रहेको अस्थायी ल्याण्डफिलमा डोजर चलाउदै गर्दा मिति २०८०/०१/०७ मा डोजर दुर्घटनामा परी मृत्यु भएकोले निजको आश्रित परिवारलाई मानविय सहयोग स्वरुप रु. ३,००,०००/- आर्थिक सहयोग उपलब्ध गराउने । शव व्यवस्थापनको क्रममा गाडी भाडा वापत भएको खर्च समर्थन गर्ने ।

**निर्णय नं. २८.-** पोखरा महानगरपालिका न्यायिक समितिको कानूनी सहयोगीको रुपमा परामर्श सेवामा कार्यरत श्री राममणि अधिकारीलाई मिति २०८० असार मसान्त सम्मको पूर्व निर्णय अनुसार तोकिएको पारीश्रमिक रकम भुक्तानी दिने ।

**निर्णय नं.** २९. - फिलिपिन्समा मिति २०८०/२/२१ देखि मिति २०८०/०२/२५ गते सम्म Disaster summit मा सहभागी हुन नगर प्रमुख जानु हुने भएकोले महानगरपालिकालाई आर्थिक व्ययभार नपर्ने गरी नगर प्रमुखको भ्रमण स्वीकृत गर्ने ।

**निर्णय नं.** ३० - महानगरपालिकामा विभिन्न कार्यक्रम तथा उपचार गर्न आर्थिक सहयोग माग देहायका संस्था र व्यक्तीलाई १६ औं कार्यपालिकाबाट सिफारिस गर्न गठित प्रमुख समेतको कार्यदलको सिफारिस अनुसार देहाय बमोजिम सहयोग रकम सम्बन्धित शीर्षकमा रकम नभएमा मिल्दो शीर्षकबाट रकमान्तर गरी उपलब्ध गराउने ।

| क्र. सं. | विवरण | स्वीकृत रकम रु. |
|---|---|---|
| १ | वडा नं २ को कार्यालय भवन निर्माण गर्दा मर्का परेकी श्री कुन्ती देवी सुबेदीको माग निबेदन सम्बन्धमा | नगर सभामा पेश गर्ने |
| २ | वडा नं. ३३ का वडा सदस्य श्री लिलादेबी नेपालीको | १,०००००/- |
| ३ | गोरखा निवासी ८ हजार मिटर भन्दा माथिका हिमाल आरोहण गर्ने अभियानकी श्री पुर्णिमा श्रेष्ठ | २५०,०००/- |
| ४ | Miss Nepal प्रियंका रानी जोशी | २,५०,०००/- |
| ५ | नेपाली सेनाको अन्नपूर्ण हिमाल सरसफाई कार्यक्रम | १५,०००००/- |
| ६ | वडा नं. ११ का वडा सदस्य श्री टुकुरा देबी परियार उपचार | १,००,०००/- |
| ७ | कार्यालय सहयोगी कुमारी गौतम | ५०,०००/- |
| ८ | वडा नं. ४ को वडा सदस्य स्व. संजय श्रेष्ठको परिवारलाई आर्थिक सहयोग | २,०००००/- |

**निर्णय नं. ३१-** नेपाल टुरिज्म बोर्डबाट स्वीकृत बरपाण्डे थुम ३३, स्थित सरस्वती मन्दिरको पूर्वाधार सौन्दर्यकरण र स्तरोन्नतीको लागि रु. ५,०००००/- लाख विनियोजन भएकोमा सो कार्यको २० प्रतिशत स्थानीय पालिकाले व्यहोर्नु पर्ने व्यवसा अनुसार महानगरपालिकाले व्यहोर्नुपर्ने बीस प्रतिशत लागत सहभागिता बापतको रकम रु. १,२०,०००/- आवश्यक भएकाले उक्त कार्यक्रमको लागि योजना बोलपत्रबाट घटेको रकमबाट रु. १,२५,०००/ रकमान्तर गरी खर्च गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं.** ३२.- आ.व. २०७६/०७७ मा वडा नं. २७ को बगादी खोलामा मा पूल निर्माण गर्न ठेकेदार कम्पनी श्री. Shree gita/Shabitri J. V. पोखरा ६, कास्कीका बीच मिति २०७६/१०/०९ मा सम्झौता भएकोमा स्थानीयहरुको विवादको कारण काम सम्पन्न हुन नसकेकाले सम्पन्न हुन बाँकी रहेको, तर ठेक्का म्याद समाप्त भएको, हाल वडा कार्यालयबाट विवाद समाधान भएकाले बाँकी काम सम्पन्न गर्न सिफारिस भै आएकोले मिति २०८० भाद्र मसान्त सम्म ठेक्काको म्याद थप गर्ने ।

निर्णय नं. ३३.- महानगरपालिकाको न्यायीक समितिको क्रियाकलापलाई व्यवस्थित र सूचना मुलक बनाउन Management Software निर्माण तथा Install गर्न आवश्यक भएकाले कार्यादेश समेत भई सकेको तर भुक्तानी दिन सो शीर्षकमा रकम विनियोजन नभएकाले न्यायीक समिति तर्फको खर्च शीर्षक नं. २२५२२ न्यायीक तथा प्रशासनिक निर्णय कार्यान्वयन र सर्वेक्षण (फैसला अतिक्रमण नियन्त्रण र संरक्षण) शीर्षकमा विनियोजन भै खर्च हुन बाँकी रहेको शीर्षकबाट रकमान्तर गरी भुक्तानी दिने ।

निर्णय नं. ३४.- १७ औं कार्यपालिका बैठकबाट निर्णय भएको वडा नं. २६ को लक्ष्मी मा.वि. घैंटेखोर मार्ग स्तरोन्नती कार्यको भुक्तानी दिनबाँकी उपभोक्ताले जम्मा गरेको रकम रु. ४१३३६५/- भैपरि आउने शीर्षकबाट रकमान्तर गरी भुक्तानी दिने निर्णय भएकोमा सो शीर्षकमा रकम नपुग भएकाले चालु आ.व.मा प्रमुख प्रशासकीय अधिकृतको आवास ठेक्का बन्दोबस्त गर्दा घट भएको रकमबाट भुक्तानी दिने व्यवस्था मिलाउने ।

निर्णय नं. ३५.- चालु आ.व. मा वडा नं. २ सेडा पोखरी पार्क निर्माण योजनामा ल. ई. १,४४,९९,४७५/- भएको र उक्त योजना चालु आ.व. सम्पन्न हुन नसक्ने भएकाले आगामी आ.व. मा स्रोत सुनिश्चित गर्ने गरी बहुवर्षिय खरिद प्रक्रिया अघि बढाउने ।

निर्णय नं. ३६.- ठेक्का प्रक्रियामा बोलपत्र नपरेकाले देहायको योजनामा जनसहभागिता नजुट्ने भएकाले वडा नं. २० को हाईअल्टिच्युट खेल मैदान जनसहभागिता छुट गरी उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने ।

निर्णय नं. ३७.- वडा नं. १२ मा अनुसूचीबाट बाँडफाँड भएको रकम मध्ये "वडा कार्यालयबाट भेटनरी सम्म फुटपाथ निर्माण क्रमागत" रु. ५१४०००/- को योजनालाई सोही वडाको "थकाली समाज र राजेश कार्कीको घर अगाडीबाटो मर्मत र ढलान" शीर्षकमा परिवर्तन गर्ने ।

निर्णय नं. ३८.- वडा नं. १२ मा अनुसूचीबाट बाँडफाँड भएको रकम मध्ये "वडा कार्यालयबाट भेटनरी सम्म फुटपाथ निर्माण क्रमागत" रु. ५१४०००/- को योजनालाई सोही वडाको "थकाली समाज र राजेश कार्कीको घर अगाडीबाटो मर्मत र ढलान" शीर्षकमा परिवर्तन गर्ने ।

निर्णय नं. ३९.- वडा नं. २६ को अनुसूचीबाट बाँडफाँड भएको रकम मध्ये " टाईगर टपमा तारजाली लगाउने योजना " रु. ५०००००/- को योजनालाई सोही वडाको देहाय बमोजिम शीर्षकमा परिवर्तन गर्ने ।

| | |
|---|---|
| **लहरे चौतारा देखी माईली बुढीको चौतारा सम्मको बाटो ढलान रु.** | **४,००,०००/-** |
| **प्रगतीटोल सडक ढलान तथा नाला निर्माण योजना रु.** | **१,००,०००/-** |

**निर्णय नं ४०.-** नेपाल दुग्ध विकास संस्थानले पोखरामा दुग्ध विकास कारखाना खोल्नको लागि जग्गा माग गरेकोमा वडा न. २५ को च.नं. ५०२५ को पत्रबाट वडा नं. २५ (साविक हेमजा गा.वि. स. वडा नं. ६) को कि. नं. ३८८ क्षेत्रफल २०-१२-१-२ का सार्वजनिक जग्गा मध्येबाट १० रोपनी जग्गा सो प्रयोजनको लागि उपलव्ध गराउन संघिय मामीला तथा स्थानीय विकास मन्त्रालयमा सिफारिस गर्ने ।

निर्णय नं. ४१.- वडा नं. १५ को राती खहरे खोलामा बाढीबाट क्षेती भै तटबन्धन गर्न आवश्यक भएकाले कर्मचारी स्वर्णिम अवकाश योजना शीर्षकबाट रुं १०,३२,०००/- वडा नं. १५ को "राती कहरे खोलामा तटबन्धन" रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं. ४२.- वडा नं. १० को रकमान्तरबाट कायम सरकारी विधालय अस्थाई शिक्षक तलव शीर्षकको रकम रु. १,०००००/- लाई कुंडहर आधारभुत विधालयका शिक्षकको क्षमता अभिबृद्धि तथा अभिमुखीकरण- कार्यक्रममा संशोधन गर्ने ।

निर्णय नं. ४३.- देहायको योजना सार्वजनिक स्थानमो भएकाले जनसहभागिता नजुट्ने हुँदा जनसहभागिता छुट गरी उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने ।

(क) वडा नं. २४ को- पाटेस्वाँरा स्वागत गेट निर्माण

(ख) वडा नं. ३ को- पालिखेचोक फल्चा स्तरोन्नती

(ग) वडा नं. ३२ को तल्लो गगन गौंडा कालिका नहर निर्माण

**निर्णय नं** ४४.- पोखराको ट्राफिक व्यवस्थालाई चुस्त दुरुस्त र सर्वसाधारणको सुरक्षाको लागि ट्राफिक प्रहरीको सेवालाई साधन सम्पन्न र सुदृढ बनाउन दुईवटा ब्रेथलाईजर मेसिन र सडकमा नो पार्किङ्ग लेखेको फलामको स्टेण्ड बापतको रु. ६१०२०/- भुक्तानी प्रमुख प्रशासकीय अधिकृत आवास शीर्षकमा ठेक्का बन्दोबस्तीमा घटेको रकमबाट भुक्तानी दिने व्यवस्था मिलाउने ।

**निर्णय नं** ४५.- पोखरा वडा नं. ९ न्युरोड क्षेत्रमा लामो समय देखि सडकमा सवारी साधन पार्किङ्ग भईरहेकोले सडक साँगुरो हुन गै सवारी दुर्घटना बढ्दै गईरहनुको साथै शहरी सौन्दर्य पनि बिग्रेकाले पुर्णिमा हलको नजिकै रहेको योगेन्द्र प्रधानको जग्गालाई पार्किङ्ग प्रयोजनको लागि २०७९ माघ देखि २०८० असार सम्म ७ महिनाको भाडा रकम सम्झौता बमोजिम रु. २७०,०००/- (कर समेत) भुक्तानी दिने ।

निर्णय नं.४६.- पोखरा महानगरपालिकाको प्रस्तावित फोहोरमैला प्रशोधन केन्द्र निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरणको मोडेल मार्फत सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप फोहरमैला प्रशोधन केन्द्र निर्माण गर्ने प्रयोजनको लागि मिति २०७९/१२/२३ मा आब्ह्वान गरिएको आशय पत्रको मूल्यांकन, मिति २०८०/०१/०३ को कार्यपालिकाको बैठकको निर्णय बमोजिम गठित मूल्यांकन समितिबाट सिफारिस भै आएका तपशिल बमोजिमका आशय पत्रदाताहरुबाट न्यूनतम अंक प्राप्त गरेकोले उक्त प्रस्तावदाताहरुको संक्षिप्त सुची स्वीकृत गरि उक्त कार्यको प्रस्ताव (RPF)तयार गरि निजहरु सँग प्रस्ताव आब्ह्वान गर्ने निर्णय गरियो ।

| सि.नं. | आशय पत्र पेश गर्ने कम्पनी फर्मको नाम | जम्मा अंक | कैफितय |
|---|---|---|---|
| १ | • SusBDE-Terrasolve Renewable JV | • ८४ | • उतिर्ण |
| २ | Venture Waste to Energy (P) Ltd. | • ६० | • उतिर्ण |
| ३ | बायोमास अल्टरनेटिभ रिन्यूएवल इनर्जि जि के कृषि फर्म , क्रियटिभ सरसफाई जे भी | • ६१ | • उतिर्ण |

निर्णय नं.४७.- आगामी १३ औं नगर सभा २०८० असार ७ गते दिनेको ११ बजे पोखरा सभागृहमा गर्ने ।

**निर्णय नं. ४७.-** पोखरा महानगरपालिका अन्तर्गतका यस आ.व.मा ४ वटा नयाँ थप भएका स्वास्थ्य संस्थाहरु सहित स्वास्थ्य संस्थाहरुको संख्या ५० स्वास्थ्य संस्थाहरु मार्फत प्रभावकारी रुपमा स्वास्थ्य सेवा प्रदान गर्न बजेटमा भएको सिमितताका कारण स्वास्थ्य संस्थाहरुबाट माग भएको अनुपातमा औषधिको आपूर्ति कम हुने गरेको, स्वास्थ्य संस्थाहरुमा बिरामी तथा सेवाग्राहीको चाप समेत बढ्दो रुपमा रहेका कारण औषधि खपतमा वृद्धि भएको, मौज्दातमा रहेका औषधिहरु मध्येबाट स्वास्थ्य संस्थाहरुमा वितरण भई कार्यालयमा स्वीकृत मौज्दातको अनुपातमा स्टक न्यून रहेको कारण स्वास्थ्य संस्थामा माग भए बमोजिम सहज रुपमा औषधि आपूर्ति गर्न साथै आगामी बर्षका लागि हुने खरिद व्यवस्थापन सम्मको लागि Lead Time व्यवस्थापनको लागि समेत बजार खरिद मार्फत औषधि सामाग्रीहरु व्यवस्थापन हुन आवश्यक भएको बोल पत्र गर्दा लामो समय लाग्ने र औषधि ढिलो आउने समय सम्म औषधि पुर्ण रुपमा सकिने भएकाले यस आ.व. को मिति २०७९।०८।१८ भएको टेन्डरबाट स्वीकृत मूल्यमा (जुन मुल्य MRP भन्दा अत्यन्त कम रहेको छ) उक्त बोलपत्रदाता श्री चिराग फार्मेसी प्रा.लि. पोखरा-११, ले पहिले स्वीकृत भएको दररेटमा औषधी उपलब्ध गराउन प्रस्ताव गरेको हुँदा कार्यालयलाई आवश्यक औषधिहरु प्राथमिकताका आधारमा सो सप्लायर्ससँग सम्झौता गरि औषधी खरिद गर्ने व्यवस्था मिलाउने ।

**अनुसूची-१**

**पोखरा महानगरपालिकाको भवन नियमित तथा अभिलेखिकरण सम्बन्धी (प्रथम संशोधन) कार्यविधि, २०८०**

**प्रस्तावना :** पोखरा महानगरपालिकाको भवन नियमित तथा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

पोखरा महानगरपालिका नगर कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम **"पोखरा महानगरपालिकाको भवन नियमित तथा अभिलेखिकरण सम्बन्धी (पहिलो शंसोधन) कार्यविधि, २०८०"** रहेको छ ।
(२) यो कार्यवधि तुरुन्त लागु हुनेछ ।

२. **पोखरा महानगरपालिकाको भवन नियमित तथा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०७६ को परिच्छेद-२ मुल दफा १ मा संशोधन :-** "......प्रक्रिया अगाडि बढाउनका लागि यो कार्यविधि प्रारम्भ भए पश्चात बढिमा तिन महिना म्याद राखी भवन अभिलेखिकरणको लागि सार्वजनिक सूचना प्रकाशन गर्न सकिनेछ ।" भन्ने शब्दहरुको सट्टा....."**प्रक्रिया अगाडी बढाउन नगर कार्यपालिकाले निर्णय गरी भवन अभिलेखिकरणको लागि सार्वजनिक सूचना प्रकाशन गर्न सक्नेछ"** । भन्ने शब्दहरु राखिएको छ ।

**परिच्छेद-२ मुल दफा ८ मा संशोधन :-** "......प्राविधिकबाट स्थलगत निरीक्षण गर्दा साविक लम्बाई र चौडाई ठीक देखिएमा मात्र महानगर आर्थिक ऐनले निर्धारण गरेको दस्तुर लिई स्विकृत प्रदान गर्ने ।" भन्ने शब्दहरुको सट्टा ".....प्राविधिक जाँच गरी ठीक देखिएमा १७ मिटर सम्मका भवनहरु मात्र महानगर आर्थिक ऐनले तोकेको दस्तुर लिई स्वीकृत प्रदान गर्ने र Retrofit building मा तल्ला थप गरेमा यही कार्यविधि बमोजिम प्राविधिक समितिको सिफारिस बमोजिम गर्ने ।" । भन्ने शब्दहरु राखिएको छ ।

**परिच्छेद-२ मुल दफा २२ मा संशोधन :-** "...... भवन नियमित तथा अभिलेखिकरणका लागि यो कार्यविधि शुरु भएको मितिले छ महिनाको म्याद हुनेछ ।" भन्ने शब्दहरुको सट्टा "..... भवन नियमित तथा अभिलेखिकरणका लागि सम्वत २०८० साल पौष मसान्त सम्म म्याद हुनेछ ।" भन्ने शब्दहरु राखिएको छ ।

३. **परिच्छेद-४ मुल दफा ८ पछि दफा ९ र १० थप : दफा "९ महानगरपालिकामा नक्शा पेश भै राजश्व बुझाई अस्थाई वा स्थायी स्वीकृती लिई मापदण्ड पालना गरी निर्माण गरेको, तर ४ वर्ष भित्र सम्पन्न प्रमाण पत्र नलिएकाको हकमा पहिले पेश भएको नक्शालाई मान्यता दिई हालको नक्शा पास दस्तुर थप लिई भवन निर्माण सम्पन्न प्रमाण पत्र दिने । पेश भएको नक्शा भन्दा बढि तला निर्माण गरेको खण्डमा थप तला (५तला/१७ मी. सम्म उचाई) को हालको नक्शा पास**

**दस्तुरको तेब्बर दस्तुर लिई भवन निर्माण सम्पन्न प्रमाणपत्र जारी गरिनेछ ।"** दफा ९ थप गरिएको छ ।

**परिच्छेद-४ मुल दफा १० थप : दफा १०. "बस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत निर्माण मापदण्ड, २०७२ र महानगरपालिकाको प्रचलित मापदण्ड तथा भवन संहिता, २०६० साथै महानगरपालिकाका निर्णयहरु पालना गरि निर्माण भएका पाँच तला ( १७ मि सम्म उचाई) का घरहरु तेब्बर दस्तुर लिई नियमित प्रक्रिया अपनाई नक्शा पास गर्ने ।"** दफा १० थप गरिएको छ ।

४. **मूल कार्यविधिको परिच्छेद ५ मुल दफा २ मा संशोधन :-** ".प्राविधिक समिति समक्ष पेश गरिने - भवन नियमित तथा अभिलेखिकरणका लागी पेश भएका Plinth Area १५०० बर्गफिट र भवनको जम्मा क्षेत्रफल ७५०० बर्गफिट भन्दा माथि एवं ५ तल्ला भन्दा माथि भएका भवनहरु महानगरको प्राविधिक समितिबाट चेकजाँच गरी सिफारिस भए अनुसार नियमित तथा अभिलेखिकरण सम्पन्न प्रमाणपत्र जारी गरिनेछ । नियमित तथा अभिलेखिकरणमा सम्पूर्ण कागजपत्रहरु महानगरको नक्शा अभिलेख System मा अनिवार्य Entry गर्नुपर्नेछ । " भन्ने शब्दहरुको सट्टा **"प्राविधिक समिति समक्ष पेश गरिने : भवन नियमित तथा अभिलेखिकरणका लागी पेश भएका Plinth Area ३००० बर्गफिट र भवनको जम्मा क्षेत्रफल ७५०० बर्गफिट एवं ५ तला भन्दा माथि भएका भवनहरु महानगरको प्राविधिक समितिबाट चेकजाँच गरी सिफारिस भए अनुसार नियमित तथा अभिलेखिकरण सम्पन्न प्रमाणपत्र जारी गरिनेछ । नियमित तथा अभिलेखिकरणमा सम्पूर्ण कागजपत्रहरु महानगरको घर नक्शा शाखामा अभिलेख गर्नुपर्नेछ ।"** भन्ने शब्दहरु राखिएको छ ।

५. **मूल कार्यविधिको दफा ......संग सम्बन्धित** अनुसूचि ३ हटाईएको छ ।

**अनुसूची-३**

पोखरा महानगरपालिका

सल्लाहकार परिषद (गठन तथा संचालन) कार्यविधि, २०८०

**प्रस्तावना :** पोखरा महानगरपालिकाको काम कार्यवाहीलाई व्यवस्थितरुपमा सञ्चालन गरी समृद्ध, सुशासनयुक्त पर्यटकीय नगरको निर्माण गर्न, समग्र क्षेत्रमा विशिष्टीकृतरुपमा नीति, योजना तथा कार्यक्रम सञ्चालनमा सहयोगी भूमिका निर्वाह गरी नगर कार्यपालिकाको कार्यलाई सहजीकरण गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ को दफा ५ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाको बैठकले सल्लाहकार परिष्द (गठन तथा सञ्चालन) कार्यविधि, २०८० जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "**स**ल्लाहकार परिषद (गठन तथा संचालन) कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;-

(क) **"ऐन"** भन्नाले प्रशासकीय कार्यविधि (नियमित गर्ने)ऐन, २०७९ लाई सम्झनु पर्दछ।

(ख) **"कार्यविधि"** भन्नले सल्लाहकार परिषद् (गठन तथा सञ्चालन) कार्यविधि, २०८० लाई सम्झनु पर्दछ।

(ग) **"नगरपालिका"** भन्नाले पोखरा महानगरपालिकालाई सम्झनु पर्दछ।

(घ) **"कार्यपालिका"** भन्नाले पोखरा महानगरपालिका नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) **"प्रमुख"** भन्नाले पोखरा महानगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

(ङ) **"उपप्रमुख"** भन्नाले पोखरा महानगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ।

(च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले पोखरा महानगरपालिका नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(छ) **"परिषद"** भन्नाले पोखरा महानगरपालिका नगर कार्यपालिकाले गठन गरेको सल्लाहकार परिषद्लाई सम्झनु पर्दछ।

(ज) **"अध्यक्ष"** भन्नाले पोखरा महानगरपालिका सल्लाहकार परिषदको अध्यक्षलाई सम्झनु पर्दछ।

(झ) **"सदस्य"** भन्नाले पोखरा महानगरपालिका सल्लाहकार परिषदको सदस्यलाई सम्झनु पर्दछ।

(ञ) **"सदस्य सचिव"** भन्नाले परिषदको सदस्य सचिवलाई सम्झनु पर्दछ।

(ट) **"शाखा"** भन्नाले पोखरा महानगरपालिका अन्तर्गतका महाशाखा/शाखा वा एकाइलाई सम्झनु पर्दछ।

३. सल्लाहकार परिषद्को गठन : (१) नगरपालिकालाई विकास निर्माण, पर्यटन, वातावरण, विपद, वित्त, राजश्व, प्रशासनिक व्यवस्था लगायत समग्र विषयमा सल्लाह सुझाव दिन कार्यपालिकाले सल्लाहकार परिषद् गठन गर्न सक्नेछ।

(२) सल्लाहकार परिषद बढीमा ३५ सदस्यीय हुनेछ।

(३) नगर कार्यपालिकाले उपदफा (१) बमोजिम कुनै व्यक्तिलाई नियुक्तिको लागि सिफारिस गर्दा निजको सामाजिक प्रतिष्ठा, उच्च नैतिक चरित्र, इमान्दारिता, निजप्रतिको जनभावना तथा निजले पहिले गरेको सेवा र पेशागत अनुभव समेतलाई विचार गर्नु पर्नेछ ।

(४) सल्लाहकार परिषदमा पोखरा महानगरपालिकाका आर्थिक, सामाजिक, शैक्षिक, विकास, राजनैतिक जस्ता विभिन्न विधामा विशेषज्ञता हासिल गरेका प्रतिष्ठित व्यक्तिहरु मनोनयन हुनेछन् ।

(५) यस दफामा अन्यत्र जेसुकै उल्लेख भएपनि कार्यपालिकाले आवश्यक ठानेमा पोखरा महानगरपालिका भन्दा बाहिरका व्यक्तिलाई पनि सल्लाहकार परिषदमा मनोनयन गर्न सक्नेछ ।

४. सल्लाहकार परिषद्का सदस्यको पदावधि : (१) समितिका पदाधिकारीहरुको मनोनयन गर्दा तोके बमोजिम हुनेछ ।

५. उपसमिति गठन गर्न सक्ने : (१) सल्लाहकार परिषदले आफ्नो कार्यलाई विशिष्टीकरण गर्न उपसमितिहरु गठन गर्न सक्नेछ ।

(२) उपसमितिले कार्य सम्पादन गर्दा आवश्यकता अनुसार महाशाखा/शाखा प्रमुख वा अन्य कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ ।

६. कार्यविधिको उद्देश्य : यस कार्यविधिको मुख्य उद्देश्य देहाय बमोजिम हुनेछ ।

(क) सल्लाहकार परिषद्को बैठक संचालन प्रक्रियालाई व्यवस्थित बनाउनु,

(ख) सल्लाहकार परिषद्मा छलफल भएका विषयवस्तुलाई लिपीबद्ध गरि पूँजीको रुपमा व्यवस्थित गर्न,

(ग) सल्लाहकार परिषदमा छलफल भै सुझावको रुपमा प्राप्त सुझावलाई पोखरा महानगरपालिकाकाको शहरी सुशासनलाई व्यवस्थित गर्दै कार्यान्वयनमा लैजान सहजीकरण गर्न,

७. सल्लाहकार परिषद्को बैठक : (१) परिषद्को बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) तर एउटा बैठक र अर्को बैठकको बीचको अवधि तीन महिनामा भन्दा बढी हुने छैन ।

(३) सल्लाहकार परिषदको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(४) कुल सदस्य संख्याको एक तिहाई सदस्य उपस्थित भएमा बैठक संचालन हुन सक्नेछ ।

(५) परिषद्को बैठकमा प्रमुख, उपप्रमुख, प्रशासकीय अधिकृत तथा विषयगत शाखा प्रमुखलाई समेत आमन्त्रण गर्न सक्नेछ ।

८. बैठकमा पेश हुने प्रस्ताव : (१) बैठकमा पेश हुने प्रस्ताव प्रमुखको परार्मशमा अध्यक्षले तोके बमोजिम हुनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा उल्लेख भएपनि सल्लाहकार परिषदका कुनैपनि सदस्यले बैठकको छलफलको समय मिलाई महानगरपालिकालाई लाभ हुने जुनसुकै विषयको सुझाव दिन सक्नेछन् ।

९. बैठकको निर्णय प्रक्रिया : (१) परिषदको बैठकमा उठेका विषयमा सहमतिमा निर्णय हुनेछ ।

(२) परिषदको निर्णय सो बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गर्नेछ ।

(३) बैठकमा छलफल भएका विषयहरुलाई सदस्य सचिवले अभिलेख राख्नेछ ।

१०. परिषदको काम, कर्तब्य र अधिकार : परिषदको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) संघीय सरकार, प्रदेश सरकार तथा महानगरपालिकाबाट स्वीकृत ऐन, कानुन, नियमावली, कार्यविधि, नीति, निर्देशिका कार्यान्वयन तथा विकासका गतिविधिका सम्बन्धमा आवश्यक सुझाव दिने, मार्गदर्शन गर्ने तथा सहजीकरण गर्ने ।

(२) महानगर भित्रका कार्यक्रम तथा योजनाहरु कार्यान्वयन गर्न आवश्यक सुझाव दिने तथा सहयोग गर्ने ।

११. **अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) समितिको बैठक बोलाउन सदस्य सचिवलाई निर्देशन दिने ।

(ख) समितिको बैठकको अध्यक्षता ग्रहण गर्ने ।

(ग) विषयगत उपसमिति गठन गरी वा समितिका सदस्यहरुलाई जिम्मेवारी तोकी निर्धारित कामको प्रतिवेदन पेश गर्न लगाउने ।

(घ) समितिले गरेका निर्णयहरु कार्यान्वयन सम्बन्धमा आवश्यक सहयोग, सुझाव, तथा सल्लाह प्रदान गर्ने ।

(ङ) बैठकको निर्णय प्रमाणित गर्ने ।

(च) बैठकबाट प्राप्त सुझाव कार्यान्वयनको लागि प्रमुख समक्ष प्रस्तुत गर्ने ।

१२. सदस्य सचिवको काम, कर्तव्य र अधिकार :

(क) अध्यक्षको निर्देशनमा समितिको सदस्य सचिवको हैसियतले बैठक आव्हान गर्ने ।

(ख) समितिको बैठकमा प्रतिवेदन पेश गर्ने ।

(ग) समितिको बैठकमा आफ्ना सुझावहरु प्रस्तुत गर्ने ।

(घ) समितिको बैठकका सुझावहरु कार्यान्वयन भए नभएको को विषयमा कार्य प्रगति समिक्षा गर्ने ।

(ङ) समितिको निर्णय अनुसारका अन्य कार्यहरु गर्ने गराउने ।

(च) समितिसंग सम्बन्धित निर्णय पुस्तिका लगायत अन्य कागजातहरु सुरक्षित राख्ने ।

१३. सदस्यको काम, कर्तव्य र अधिकार : समितिका सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(क) अध्यक्षको निर्देशन अनुसार बैठकमा सहभागी हुने ।

(ख) बैठकमा पेश भएका एजेण्डाहरुको विषयमा छलफल गर्ने ।

(ग)महानगरको समग्र विकासका क्षेत्रसँग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, सोध, अनुसन्धान लगायतका क्षेत्रमा सहयोग आदान प्रदान गर्ने ।

(घ) समितिले तोकेको कार्यहरु गर्ने गराउने ।

१४. परिषद्को सचिवालय : (१) परिषद्को सचिवालयको काम कार्यवाही प्रमुखको सचिवालयले गर्नेछ ।
(२) परिषदको सदस्य सचिव अधिकृतस्तरको कर्मचारीलाई प्रमुखले तोक्न सक्नेछ ।

१५. बाधा अडकाउ फुकाउने अधिकार : यस कार्यविधिले व्यवस्था गरेको कुनै प्रावधान कार्यान्वयन गर्न बाधा अडकाउ फुकाउन परेमा नगर कार्यपालिकाले आवश्यकता अनुसार बाधा अडकाउ फुकाउन सक्नेछ ।

१६. संशोधन गर्न सक्ने : यस कार्यविधिमा भएका कुनै विषयमा संशोधन गर्नु पर्ने आवश्यकता महशुस भएमा कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

१७. बचाउ : (१) यस अघि भए गरेका काम कार्यवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।